# आठौं जिल्ला सभा, २०८२

जिल्ला समन्वय समितिको कार्यालय

कलैया, बारा

मधेश प्रदेश, नेपाल

१६ असार २०८२

आठौं जिल्ला सभा

# नीति तथा कार्यक्रम

आ.व. २०८२/८३

कलैया, बारा

आदरणीय जिल्ला सभाध्यक्षज्यू,
जिल्ला सभाका सदस्यज्यूहरु,
कर्मचारीहरु,
सञ्चारकर्मीज्यूहरु,

जिल्ला समन्वय समितिको प्रमुखको हैसियतले आठौं जिल्ला सभामा आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सौभाग्यपूर्ण अवसर प्राप्त गर्नु मेरो लागि अत्यन्त गौरव र सम्मानको क्षण हो। यो पवित्र मञ्चमार्फत् जिल्लाको समग्र समन्वय, सुशासन, पूर्वाधार विकास र सामाजिक रूपान्तरणको भविष्यको मार्गचित्र कोर्न पाउनु हामी सबैको साझा जिम्मेवारी, अटल प्रतिबद्धता र समर्पणको जीवन्त प्रतीक हो।

नेपालको समावेशी, लोकतान्त्रिक र संघीय शासन प्रणाली स्थापनाको मार्ग सरल र सजिलो थिएन। यो मार्गमा अनगिन्ती सपनाहरू, त्याग, संघर्ष र बलिदानका अमूल्य इतिहासहरू जोडिएका छन्। सोही सन्दर्भमा यस महत्वपूर्ण सभामार्फत जनआन्दोलन, मधेश आन्दोलन, शान्ति प्रक्रिया र संविधान निर्माणको क्रममा आफ्नो अमूल्य जीवन आहुती दिने वीर सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै, बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण योद्धाहरूप्रति उच्चसम्मान व्यक्त गर्दछु। मुलुकमा समानता, समावेशिता र न्यायको जग बसाल्न तथा हाम्रो वर्तमान शासकीय संरचना, अधिकारको प्रत्याभूति, समावेशी नीति निर्माण तथा स्थानीय स्वशासनको हक प्रत्याभूतिमा यी वीर सपुत तथा योद्धाको त्यागलाईसम्मान गर्दै उनीहरूको सपना साकार पार्न हामी अझ जिम्मेवार, उत्तरदायी र समर्पित बन्ने प्रणसमेत गर्दछौं।

**आदरणीय सभा सदस्यज्यूहरु,**
अब म बारा जिल्लाको परिचय तथा यस सभाको संक्षिप्त कानुनी आधार,जिल्ला समन्वय समितिको आ.व.०८१/८२ को आर्थिक प्रगति प्रतिवेदनका साथै यस समय अवधिमा सम्पादित महत्वपूर्ण कार्यहरु माथि प्रकाश पार्न चाहन्छु ।



जिल्ला समन्वय अधिकारी

CamScanner

क. बारा जिल्लाको संक्षिप्त भौगोलिक, राजनीतिक तथा प्रशासनिक पृष्ठभूमि
सिम्रौनगौढ र गढीमाई जस्ता एतिहासिक तथा धार्मिक स्थलका लागि प्रसिद्ध बारा जिल्ला नेपालको तराई भूभागमा अवस्थित जिल्लाहरु मध्येको एक हो । देशको प्रशासनिक विभाजन अनुसार यस जिल्ला मधेश प्रदेशमा पर्दछ । यो जिल्ला २६ डिग्री ५१ मिनेट देखी २७ डिग्री २ मिनेट उत्तरी आक्षाश र ८४ डिग्री ५१ मिनेट देखी ८५ डिग्री १६ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको क्षेत्रफल १,१९० वर्ग किमि (१,२९,५६३ हेक्टर) छ, जसमा ६९,५१६ हेक्टर खेतीयोग्य जमिन, ४७,१८२ हेक्टर वनजंगल र ५,११४ हेक्टर अन्य भू-भाग छ। समुद्र सतहबाट १५२ मिटरदेखि ९१५ मिटरसम्मको उचाइमा रहेको यो जिल्ला, पूर्वमा रौतहट, पश्चिममा पर्सा र उत्तरमा मकवानपुर जिल्ला तथा दक्षिणमा भारतको बिहार राज्यको पूर्वी चम्पारण जिल्लासँग जोडिएको छ। देशको मुख्य प्रवेशद्वार वीरगञ्ज नाका यस जिल्लाको सदरमुकाम कलैयादेखि करिव १७ किमि को दूरीमा रहेको छ ।

ऐतिहासिक रूपमा, मल्लकालीन डोय राज्यको राजधानी सिम्रौनगढ यहाँ अवस्थित थियो, जसले बाराको राजनीतिक महत्त्वलाई अझै झल्काएको छ । संघीयता कार्यान्वयनसँगै यस जिल्लालाई२ उप-महानगरपालिका, ५ नगरपालिका र ७ गाउँपालिका गरी १६ स्थानीय तह, ४ वटा संघीय निर्वाचन क्षेत्र र आठवटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । जिल्ला समन्वय समितिले स्थानीय तहहरूबीच समन्वय र विकास कार्यको अनुगमन गर्दै आईरहेको छ ।

ख. जिल्ला सभाको कानुनी तथा नीतिगत आधार
जिल्ला सभा नेपालको संविधान २०७२ को भाग १७ (धारा २२० देखि २२२) मा उल्लेखित व्यवस्थाअनुसार स्थापित छ। संविधानको धारा २२० ले जिल्ला समन्वय समिति र जिल्ला सभाको गठन, कार्यक्षेत्र र अधिकारलाई परिभाषित गरेको छ। यो सभा जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय, विकास कार्यमा सन्तुलन कायम गर्ने, अनुगमन गर्ने र संघीय तथा प्रदेश सरकारका कार्यालयहरूसँग समन्वय गर्ने उद्देश्यले स्थापना गरिएको हो। योसभा स्थानीय तहहरूबीच समन्वय र नीति कार्यान्वयनको नीतिगत आधार हो। नेपालको संविधानका अतिरिक्त जिल्ला सभा बैठक सञ्चालन कार्यविधि, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७८, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत कानुनी तथा नीतिगत आधारमा यो ऐतिहासिक आठौं जिल्ला सभाको सञ्चालन, व्यवस्थापन तथा नीति तथा कार्यक्रम प्रस्तुत गर्न मार्ग निर्देश गरिएको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

जिल्ला समन्वय अधिकारी

नरेन्द्र कुमार साह
प्रमुख



CamScanner

## ग. जिल्ला समन्वय समितिबाट आ.व. ०८१/८२ मा सम्पादित कार्यहरुको संक्षिप्त प्रतिवेदन

### १. आर्थिक प्रतिवेदन

आ.व. ०८१/८२ मा जिल्ला समन्वय समितिलाई संघीय सरकारबाट कर्मचारी तथा जि स स पदाधिकारीहरुको सेवा सुविधा रु १ करोड ९ लाख ५१ हजार, निजी सचिवालय करार कर्मचारीको तलब रु ४ लाख ४८ हजार, पानी तथा बिजुली, सञ्चार महशुल लगायतका अन्य अनिवार्य दायित्व रु ३० लाख ७ हजार, कार्यक्रम खर्च (समिक्षा सहित) रु ३ लाख ८८ हजार, अनुगमन तथा भ्रमण खर्च रु ७ लाख ७६ हजार, बहुक्षेत्रीय पोषण कार्यक्रम (समिक्षा सहित) रु १ लाख तथा सामाजिक विकास कार्यक्रमको अनुगमन (शशर्त थप अनुदान) रु १ लाख गरी जम्मा रु १ करोड ५६ लाख ७० हजार बजेट प्राप्त भएकोमा सो बजेटबाट हालसम्म रु १ करोड ४३ लाख ९७ हजार ७७६।७७ रुपैया खर्च भएको जानकारी गराउन चाहन्छु । त्यसै गरी अवकास हुनु भएका साविक जिल्ला विकास समितिको कर्मचारी ह स चा श्री शिवचन्द्र राउत कुर्मीको उपदान, सेवानिवृत सञ्चित बिदा र औषधी उपचार खर्च गरी जम्मा रु ३१ लाख १४ हजार ५५३ रुपैया थप बजेट प्राप्त भएकोमा निज ह स चा कुर्मीलाई निजको खातामा भुक्तानि भैसकेको जानकारी गराउन चाहन्छु ।

### २. जिल्ला समन्वय समितिको मौजदात कोष

जिल्ला समन्वय समितिको मौजदात कोषमा शुरुमा रहेको १३ करोडबाट विभिन्न दायित्व रकम छुट्याएर रु १० करोड ६२ लाख ५० हजार यस जिल्लाका १६ वटै पालिकालाई मागका आधारमा प्रशासकीय भवन निर्माण, वडा कार्यालय भवन निर्माण, स्वास्थ्य चौकी भवन निर्माण, सामुदायिक विद्यालय भवन निर्माण तथा मर्मत सम्भार र बाँकी रकम जिल्ला समन्वय समिति अगाडि गेट निर्माण, कार्यालय भवन मर्मत तथा रंगरोगन, कार्यालय परिसरभित्र रहेको आवासीय भवन मर्मत तथा रंगरोगन, व्यापारिक भवन निर्माण तथा मर्मत, पार्किङ निर्मान, जलनिकास व्यवस्थापन, कार्यालय परिसरमा बाटो ढलान गर्ने लगायतका कार्यका लागि बाँडफाँट भएको स्मरण गराउन चाहान्छु । सोही निर्णयका आधारमा जिल्ला समन्वय समिति मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ बमोजिम हालसम्म स्थानीय तहबाट माग भई आएका योजनाहरु मध्ये कुल ४४ वटा योजनाहरुमा मौजदात कोषबाट बजेट बिनियोजन भएको, सोमध्ये २७ वटा योजनाहरु सम्पन्न भएका र बाँकी योजनाहरु कार्यान्वयनको अवस्थामा रहेको छ ।

### ३. जिल्ला समन्वय समितिबाट आ.व. ०८१/८२ मा सम्पादित महत्वपूर्ण कार्यहरु तथा समिक्षा

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहेका संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने आदि संवैधानिक तथा कानुनी कार्य सम्पादन गरियो ।

- जिल्ला समन्वय समितिको [illegible] प्रदेश र स्थानीय तहबीचको साझेदारीमा स्थानीय तहमा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन तथा निरीक्षण गरी पृष्ठपोषण प्रदान गरियो ।
- जिल्ला स्थीत स्थानीय तहहरुबीचको सहभागितामा बहुक्षेत्रीय पोषण कार्यक्रमको वार्षिक समीक्षा यसै आ.व भित्र सम्पादन गर्ने गरी मिति निर्धारण तथा पत्राचार समेत गरियो ।
- जिल्ला स्थित जीतपुरसिमरा उपमहानगरपालिका, निजगढ नगरपालिका तथा कोल्हवी नगरपालिका अन्तर्गत ठेक्का सम्झौता भएका खोलाहरुको स्थलगत अनुगमन गरी नदीजन्य पदार्थ उत्खनन संकलन तथा बिक्री वितरण कार्यलाई व्यवस्थित गर्न विविध सुझाव सहित पृष्ठपोषण प्रदान गरियो ।
- महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को दफा १२ को उपदफा १२.४ अनुसार कार्ययोजना कार्यान्वयन गर्ने निकायहरुबीच समन्वय गर्न जिल्ला निर्देशक समिति, उपसमितिगठन तथा सम्बन्धित शाखा हेर्ने प्रमुखलाई **Focal Person**तोकी कार्ययोजनामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्थानीय समिति गठन गर्न तथा कार्ययोजना कार्यान्वयन गर्न समन्वय र सहजिकरण गरियो ।
- उद्योग, पर्यटन तथा वाणिज्य मन्त्रालय, मधेश प्रदेशले अनुरोध गरेबमोजिम बारा जिल्लाको **Tourism Master Plan**तयार गर्न यस जिल्लामा खटिएको टोलीलाई आवश्यक परामर्श प्रदान गरियो ।
- जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको जिल्ला भित्रका नदीजन्य पदार्थ व्यस्थापन लगायत समग्र अनुगमन गर्ने जिम्मेवारी पाएको जिल्ला अनुगमन समितिको ८ वटा बैठक आयोजना गरी प्राकृतिक स्रोत साधनको व्यवस्थापन, सेवा व्यवस्थापन तथा विकास व्यवस्थापन सम्बन्धमा विभिन्न निर्णय गरी कार्यान्वयनका लागि सम्बन्धित तहमा पत्राचार गरिनुका साथै निर्णय कार्यान्वयनको अवस्था समेत मूल्याङ्कन गरियो ।
- जिल्ला भित्र सञ्चालित ठूला योजना/आयोजना अनुगमन गरी समयमै सम्पन्न गर्न संघिय सरकार/प्रदेश सरकार समक्ष समन्वय र पहलकदमी गरिएको ।
- आ व २०८१।८२ मा जिल्ला समन्वय समिति बाराको३६ बटा बोर्ड बैठक बसी महत्वपूर्ण निर्णयहरु गरी सो को प्रभावकारी कार्यान्वयन गरिएको ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA)र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA)कार्यक्रम अन्तर्गत निर्धारित सूचकका आधारमा सम्पूर्ण स्थानीय तहहरुको मूल्याङ्कन कार्य सम्पन्न गरियो भने अनुरोध भई आएका स्थानीय तहहरुमा LISA, FRA, LED सम्बन्धी अभिमुखिकरण गरी पृष्ठपोषण समेत प्रदान गरियो ।



जिल्ला समन्वय अधिकारी

नरेन्द्र कुमार साह
प्रमुख

- ☐ जिल्ला समन्वय समितिको कार्यालय परिसर अगाडि रहेको जीर्ण सटरहरुलाई भत्काई नयाँ व्यापारिक भवन निर्माण, पुरानो अधुरो भवन, कार्यालय भवन मर्मत तथा रङ्गरोगन,जलनिकासको व्यवस्थापन आदि कार्यहरुको लागि बोलपत्र आह्वान गरी सम्झौता भई कार्यहरु भैरहेको अवगत गराउँदछु ।
- ☐ जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको घरजग्गा, व्यापारिक भवन, कोठा तथा सटरहरु बहालमा लगाउने सम्बन्धी कार्यविधि २०८२ को मस्यौदा तयार गरी स्विकृतिको लागि पेश गरिएको जानकारी गराउँदछु।

**आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले जिल्ला समन्वय समितिलाई स्थानीय तहहरूबीच समन्वय, संघ र प्रदेश सरकारसँग सहकार्य, अनुगमन तथा मूल्याङ्कनमा सशक्त भूमिका खेल्न अधिकार दिएको छ। बारा जिल्ला भौगोलिक, सांस्कृतिक र आर्थिक दृष्टिले महत्वपूर्ण जिल्ला हो। यस जिल्लामा रहेका विभिन्न तहका स्थानीय सरकारहरूबीच समन्वय गर्दै दिगो विकास, पूर्वाधार विस्तार, सेवा प्रवाहको गुणस्तर सुधार, सामाजिक समावेशिता र सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा धेरै अवसरहरु तथा केही चुनौतीहरु पनि देखिएका छन् । अवसरहरुको पूर्ण उपयोग गर्दै तथा समस्या र चुनौतीलाई समेत अवसरमा रुपान्तरण गर्ने हाम्रो अभियानमा हामी सवैको साझा प्रयत्न रहने कुरामा समेत विश्वास लिएको छु । सोही उद्देश्य प्राप्तीका लागि बारा जिल्ला स्थित सबै स्थानीय तहहरुलाई मार्गदर्शन गर्न देहायका नीति तथा कार्यक्रमहरु अवलम्वन तथा कार्यान्वयन गर्न प्रस्ताव गरेको छु । गाउँपालिका, नगरपालिका, जिल्ला सभाको प्रभावकारी र सक्षम नेतृत्वबाट उल्लिखित नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भई उपलब्धी हासिल हुने छ भन्ने विश्वास समेत लिएको छु ।

क. नीतिगत प्राथमिकताहरु

१. बारा जिल्लाको सुन्दर भविष्यको परिकल्पना गरेर दिर्घकालीन सोच (Long Term Vision)को रुपमा "उद्योग, कृषि, पर्यटन र पूर्वाधारः समृद्ध बाराको चार आधार" भन्ने नारालाई आठौं जिल्ला सभा मार्फत अनुमोदन गरी यसलाई अनिवार्य लागू गर्न सबै निकायहरुसँग समन्वय गरिनेछ ।

२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका ऐनले गरेको व्यवस्था वमोजिम प्राप्त अधिकारहरुको अधिनमा रही जिल्ला समन्वय समितिको भूमिका प्रभावकारी वनाईनेछ ।

३. संविधानमा व्यवस्था भए बमोजिम संघ, प्रदेश र स्थानीय तहबीच सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्त बमोजिम अन्तरसम्बन्ध कायम गरी तीनै तहका सरकारका निकायहरुबीच विकास, सुशासन र सेवा प्रवाहका विषयमा अन्तर निकायगत सहकार्य एवं समन्वयलाई प्राथमिकता दिइनेछ ।

४. विकासका पक्रियाहरुको समानुपातिक वितरण र सन्तुलित विकास गर्न स्थानीय तहका सरकारहरुको भूमिकाको अनुगमन सहजीकरण एवं समन्वय गरिनेछ ।

५. जिल्ला भित्र सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सरकारी तथा गैरसरकारी संघसंस्थाबाट सञ्चालित कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषयक्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिइनेछ र त्यसरी दिइएको सुझाव वा मार्गदर्शन सार्वजनिक गरिनेछ ।

६. जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धमी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह, सम्बन्धित विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिईनेछ ।

७. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य कानूनहरुले व्यवस्था गरेका अधिकारका विषयमा स्थानीय तहहरुबाट के कति कानूनहरु निर्माण भए, कति कार्यान्वयनमा गए भन्ने सम्बन्धमा प्रत्येक स्थानीय तहहरुले तर्जुमा गरेका कानूनहरुको अभिलेखीकरण गरिनेछ र बन्न बाँकी कानूनहरुको निर्माणका लागि समन्वय एनं पहलकदमी लिईनेछ ।

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहहरुले आवधिक योजना, मध्यमकालिन खर्च संरचना, योजना बैंक, नीति कानुन र मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसरी कानुनले निर्धारित गरे वमोजिमक कार्य कुन कुन स्थानीय तहबाट सम्पन्न भयो वा भएन भन्ने विषयको एकिन गर्न



जिल्ला समन्वय अधिकारी

नरेन्द्र कुमार साह
प्रमुख

कानुन बमोजिम प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्न जिल्ला समन्वय समितिले आवश्यक भूमिका खेल्नेछ ।

९. स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन २०७४ अनुसार हरेको स्थानीय तहका प्रमुखले बजेट पारित भएको सात दिनभित्र प्रमुख प्रशासकिय अधिकृतलाई कार्यान्वयनको अख्तियारी दिनुपर्ने र प्रमुख प्रशासकीय अधिकृतले अख्तियारी प्राप्त भएको १५ दिनभित्र कार्यक्रम स्वीकृत गरी विभाग, महाशाखा, शाखा, इकाई प्रमुख र वडा सचिवलाई योजना कार्यान्वयनको लागि लिखित रुपमा अख्तियारी दिनुपर्ने व्यवस्था छ ।यसको अनुगमन गरी प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा मूल्याङ्कन गरिनेछ ।

१०. ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड बमोजिम नदीजन्य पदार्थको उत्खनन, बिक्री सम्बन्धी कार्यहरु सञ्चालन गरिनेछ । मापदण्ड विपरित सञ्चालितबालुवा प्रशोधन तथा क्रसर उद्योगहरुलाई सञ्चालनमा रोक लगाइनेछ साथै मापदण्डभित्र रहेर नदीजन्य पदार्थको उत्खनन, संकलन र बिक्री सम्बन्धी कार्यहरुमा टेण्डर प्रकृया अगाडि बढाउन स्थानीय तहहरुलाई सहजिकरण गराइनेछ ।

११. नदीजन्य ढुङ्गा, गीटी, बालुवा तथा विभिन्न क्रसर उद्योगहरुको सञ्चालनमा विशेष अनुगमन गरी नदीजन्यवस्तुहरुको अत्याधिक दोहन र अवैध रुपमा हुने चोरी निकासी रोक्न विशेष कदम चालिनेछ । सबै पालिकाको समन्वयमा जिल्ला अनुगमन समितिको सचिवालयलाई थप सक्रिय बनाउनुका साथै स्रोत सम्पन्न बनाइनेछ ।

१२. स्थानीय तहहरुबाट प्रदान गरिने सेवा प्रवाह एवम् अन्य जनसरोकारका विषयमा जनप्रतिनिधि एवम् कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्ययोजना सहित प्रदेश सरकारमा अनुरोध गरिनेछ ।

१३. जिल्लामा उत्पादन हुने कृषिजन्य वस्तु तथा दुग्धजन्य पदार्थहरुको उचित बजार व्यवस्थापन, जिल्लाको पूर्वाधार विकास र पर्यटनसँग जोडिएका सडकको प्राथमिकता क्रम निर्धारण गरी निर्माणमा जोड दिइ यसको कार्यान्वयनका लागि प्रदेश र संघ सरकार सँग समन्वय गरिनेछ ।

जिल्ला समन्वय अधिकारी

नरेन्द्र कुमार साह
प्रमुख

१४. स्थानीय तहबाट सम्पादन भएका विकास निर्माण कार्यको गुणस्तरीयता अध्ययन परीक्षण गरी सोको प्रतिवेदन संघ तथा प्रदेश सरकारमा पेश गर्नुपर्ने कार्यदिशअनुरुप जिल्ला समन्वय समितिले सम्भव भएसम्म ल्याबद्वारा भौतिक परीक्षण गरी संघ तथा प्रदेश सरकारसमक्ष प्रतिवेदन गर्नेछ ।

१५. जिल्लाका स्थानीय तहहरुले तोकेको राजस्वका दररेट सम्बन्धमा उक्त करको दरलाई समान दर कायम गर्न स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्र कर उठाउन पाउने सम्बन्धमा संघ र प्रदेशले तोकेका उपल्लो हदसम्म कायम गर्नका लागि प्रत्येक स्थानीय तहसँग आवश्यक समन्वय गरिनेछ ।

१६. जिल्लालाई पोषण मैत्री जिल्ला, बालमैत्री जिल्ला र युवामैत्री जिल्ला बनाउन सम्पूर्ण स्थानीय तहहरुसँग आवश्यक समन्वय गरिनेछ ।

१७. नेपाल सरकार र युनिसेफ नेपालको सहयोगमा सञ्चालित बहुक्षेत्रीय पोषण योजना कार्यक्रमलाई सबै स्थानीय तहको सबै वडाहरुमा विस्तार गर्दै पोषण मैत्री वडा तथा स्थानीय तह घोषणा गर्न सरोकारवालाहरुको संलग्नतामा पहल गरिनेछ ।

१८. सार्वजनिक लेखा समितिले साविक जिल्ला विकास समिति अस्तित्वमा रहँदा देखिएका विभिन्न शिर्षकका बेरुजु हालसम्म फछ्यौंट नभएको औंल्याएकोले सो सम्बन्धी कार्ययोजना बनाई बेरुजु फछ्यौंट कार्यलाई उच्च प्राथमिकता दिईनेछ र आगामी दिनमा शून्य बेरुजु नीति आत्मसात गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाइनेछ ।

१९. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRAA) कार्यक्रम स्थानीय तहहरुको सूचकसँग सम्बन्धित कार्यहरु कार्यान्वयन गर्न र उत्कृष्ट अंक हासिल गर्न सहयोग एवं सहकार्य, प्रभावकारी अनुगमन, वस्तुनिष्ठ मूल्यांकन र नजितामुखी पृष्ठपोषण गरिनुका साथै उत्कृष्ट अंक ल्याउने एक गाउँपालिका तथा एक नगरपालिकालाई पुरष्कृत गरिनेछ ।



जिल्ला समन्वय अधिकारी

कुमार शाह
प्रमुख

२०. जिल्ला समन्वय समितिले सूचकहरु निर्माण गरी प्रत्येक स्थानीय तहबाट लागु गरिएका नीतिहरुको कार्यान्वयनको अवस्था बारेमा अनुगमन गर्नुका साथै कार्यक्रमगत नमुना कार्यक्रमहरुको अनुगमन गरी सबैभन्दा राम्रो गर्ने स्थानीय तहलाई पुरष्कृत गर्ने र पुरष्कृत गर्न प्रदेश र संघ सरकारमा सिफारिस गरिनेछ ।

२१. संविधान तथा नेपाल सरकारको नीति अनुरुप बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गमैत्री, वातावरण मैत्री लगायतका नागरिकमैत्री नीति तथा कार्यक्रम प्रत्येक स्थानीय तहले सञ्चालन गर्नुपर्ने हुन्छ । यस्ता विषयमा जिल्ला समन्वय समितिले सूचकहरु निर्धारण गरी स्थानीय तहको अनुगमन गरी संघ र प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नेछ ।

२२. मधेश प्रदेश सरकारलाई निर्माण गर्न लागेकोबारा जिल्लाको **Tourism Master Plan**का सन्दंर्भमाजिल्लामा रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक तथा पर्यटकिय स्थलहरुको खोज, संरक्षण र संवर्द्धन गर्न आवश्यक समन्वय र Plan मा समावेश गर्न विशेष पहल गरिनेछ ।

२३. स्थानीय तह र जिल्ला समन्वय समिति बीचको सम्बन्धलाई सुमधुर तथा मजबुद बनाउन अन्तरसमन्वय बैठकलाई विशेष प्रथमिकता दिइनेछ ।

२४. स्थानीय पुँजी, प्रविधि र सीपको प्रयोग गर्न साथै रोजगारीका अवसरहरुको सृजना गरी नागरिकहरुलाई स्थानीय तहमा नै रोजगार बनाउन एक पालिका एक उद्योग स्थापनाका लागि स्थानीय तहहरुलाई अनुरोध र पहलकदमी गरिने ।

२५. जिल्लाको शिक्षा क्षेत्रमा रहेका विभिन्न समस्याहरु समाधानका लागि सम्बन्धित निकायहरुमा आवश्यक समन्वय र पहल गरिनेछ ।

२६. महिला विकास, समृद्धिको मूल आधार भन्ने नारालाई आत्मसात गर्दै महिला विकासको विभिन्न पक्ष; शिक्षा, स्वास्थ्य, सहभागिता, सशक्तिकरण, सम्पत्तिमा स्वामित्व र नियन्त्रण आदिलाई मनन गरी जिल्लाका सबै स्थानीय तहहरुको संलग्नतामा साझा कार्ययोजना तयार गरी कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

जिल्ला समन्वय अधिकारी

देवेन्द्र कुमार साह
प्रमुख

२७. विभिन्न प्राकृतिक तथा मानव निर्मित विपद्लाई रोकी जन धनको क्षति हुन नदिनका लागि विपद् कार्ययोजना वनाई लागु गर्ने साथै यसको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिती र स्थानीय विपद् व्यवस्थापन समितिहरुसँग आवश्यक समन्वय गरिनेछ ।

२८. प्राकृतिक स्रोत साधन:जल, जमिन, जंगल आदि लगायतका विषयमा रहेका विवाद, सीमा विवाद निरुपण गर्न सहजिकरण गरिनेछ ।

२९. अन्य प्रदेशमा प्रदेश सरकारबाट विभिन्न साझेदारी विकास तथा पूर्वाधार साझेदारी विकास कार्यक्रम अन्तरगत विभिन्न शिर्षकमा रकम विनियोजन हुने गरेतापनि यस प्रदेशमा हालसम्म उक्त प्रावधान स्थापित भई नसकेको सन्दर्भमा मधेश प्रदेशका सवै जिल्ला समन्वय समितिसँग छलफल आयोजना गरी उपयुक्त प्रस्ताव तयार गरी नीतिगत व्यवस्था गर्न मधेश प्रदेश सरकारलाई अनुरोध गर्न बारा जिल्ला समन्वय समिति बाराले नेतृत्वमागर्नेछ ।

३०. जिल्ला भित्रको विकास निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरिनेछ ।

३१. स्थानीय तहहरुसँग माग भएको विवरण प्राप्ती र जिल्ला समन्वय समिति मार्फत दिएको सुझाव कार्यान्वयन सम्बन्धमा निरन्तर समन्वय गर्ने प्रयोजनका लागि प्रत्येक पालिकामा एक जना अधिकृत Focal Personको रुपमा व्यवस्था गर्न प्रत्येक पालिकालाई अनुरोध गरिनेछ ।

३२. जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन तथा परिचालन प्रचलित नियम कानुनको अधिनमा रही जिल्लाका विभिन्न क्षेत्रमा समन्यायिक तवरले गरिनेछ ।कोषमा बाँडफाँड हुन बाँकी बजेटबाट स्थानीय पालिकाहरुबाट योजनाहरु माग भई आए अनुसार तोके बमोजिम आवश्यकता र औचित्यताका आधारमा योजनामा बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

३३. यस जिल्ला भित्र रहेका स्थानीय तहहरुको राजनीतिक सीमा विवाद समाधानका लागि आवश्यक सहजिकरण गरिनेछ ।

जिल्ला समन्वय अधिकारी

प्रमुख

३४ संघीय तथा प्रादेशिक कानुनले तोकेका अन्य कार्यहरूमा जिल्ला समन्वय समितिले जिल्ला सभाको प्रतिनिधित्व गरी समन्वय गर्नेछ ।

आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,

जिल्ला सभा हामी सबै साझा थलो हो -समन्वय, सहकार्य र सहमति नै यस सभाको कार्य सम्पादनको मूल आधार हो। यस थलोको प्रभावशीलता तब मात्र सुनिश्चित हुन्छ जब प्रत्येक स्थानीय तहको सक्रिय सहभागिता, रचनात्मक सुझाव र जिम्मेवार सहयोग उपलब्ध हुन्छ। त्यसैले, समृद्ध बारा निर्माणको हाम्रो सामूहिक यात्रामा तपाईंहरूको निरन्तर साथ, सघन समन्वय र संस्थागत प्रतिबद्धता अपरिहार्य छ। अबको यथार्थपरक कदम सशक्त जिल्ला सभा र समन्वययुक्त शासन प्रणालीको आधारशिला हुनेछ भन्ने दृढ विश्वास लिएको छु । जिल्ला समन्वय समितिले आयोजना गरेको यो ऐतिहासिक आठौं जिल्ला सभा सदस्यको हैसियतमा उपस्थित भई सक्रिय सहभागि हुनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै बारा जिल्लाको विकासको हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गरेको छु । धन्यवाद ।

चण्डिका उप्रेति
उप प्रमुख
जिल्ला समन्वय समिति

१६ असार, २०८२

प्रमाणीकरण मितिः २०८२।०३।१६

जिल्ला समन्वय समितिको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

निर्णय नं. १

क. आठौं जिल्ला सभामा पेश भएको नीति तथा कार्यक्रम र वजेट पारित गर्ने निर्णय गरियो ।

ख. जिल्ला सभामा पेश भएको जिल्ला समन्वय समितिको घरजग्गा, व्यापारिक भवन, कोठा तथा सटर बहालमा लगाउने सम्वन्धी कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको रकमवाट कार्यक्रम व्यवस्थापन समितिको मिति २०७८/०३/०२ गतेको निर्णयानुसार यस जिल्ला भित्रका प्रत्येक स्थानीय तहलाई रु पचास लाखको दरले अनुदान दिने तथा केही पालिकाहरुलाई मागको आधारमा विभिन्न मितिमा थप अनुदान दिने निर्णय भए वमोजिम कार्य सम्पन्न भईसकेका स्थानीय तहहरुलाई बाँकी रकम पठाईसकेकोले सो अनुमोदन गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

यस जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको रकमवाट कार्यक्रम व्यवस्थापन समितिको निर्णयानुसार आ व २०८१।८२ मा कलैया उपमहानगरपालिका, महागढीमाई नगरपालिका, कोल्हवीनगरपालिकालाई माग अनुसार थप अनुदान दिने निर्णय भएकोमा सो अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४

आ.व.२०८१/८२ मा यस कार्यालयमा भएका सम्पूर्ण खर्चहरुलाई अनुमोदन गर्ने सर्व सम्मतिवाट निर्णय गरियो ।

निर्णय नं. ५

आ.व.२०८१/८२ मा यस कार्यालयवाट सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने सर्व सम्मतिवाट निर्णय गरियो ।

निर्णय नं ६

जिल्ला समन्वय समितिको मौज्दात कोषमा रहेको विविध रकमलाई आ व २०८२।८३ को लागि तपसिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिलः

क। मौजदात कोष प्रशासनिक खर्च —१०,००,०००/-
ख। भवन निर्माण तथा मर्मत संभार— १,६०,००,०००/-
ग। अन्य विविध— १५,७५,०००/-
घ। अन्य मौजदात कोष— १५,००,०००/-
ङ। स्थानीय तह लागत साझेदारी अनुदान —१,८०,००,०००/-

जिल्ला समन्वय अधिकारी

[Signature]

प्रमुख

निर्णय नं.

आ व २०७९।८०,२०८०।८१ [illegible] को कार्यसम्पादनको आधारमा यस कार्यालयका देहायका कर्मचारीहरुलाई रु ७०००।-नगद पुरस्कारसहित उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरियो।

देहायः

| | |
|---|---|
| १. शा अ श्री आमोद चौधरी | सर्वोत्कृष्ट कर्मचारी पुरस्कार |
| २. खरिदार श्री अमित कुमार चौधरी | उत्कृष्ट कर्मचारी पुरस्कार |
| ३. का स श्री विनोद यादव | उत्कृष्ट कर्मचारी पुरस्कार |

निर्णय नं. ८

आ.व.२०८१/८२ मा हालसम्म भएका जिल्ला समन्वय समितिका विभिन्न निर्णयहरु र कार्यक्रम व्यवस्थापन समितिका निर्णयहरु, खरिद इकाई समितिका निर्णयहरु, जिल्ला अनुगमन समितिका निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिवाट गरियो।

कुमार साह
प्रमुख